फिक्कल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
खाङसाङ, सिन्धुली

बैठक संख्याः- आ.व. ०८२/०८३- ०१
मितिः-२०८२/०४/२० गते मंगलबार

फिक्कल गाउँपालिका अध्यक्ष श्री पार्वती सुनुवारज्यूको अध्यक्षता र तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | पद | नाम | हस्तक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | पार्वती सुनुवार | पार्वती सुनुवार |
| २. | उपाध्यंक्ष | राजु बराल | [signature] |
| ३. | १ नं. वडा अध्यक्ष | होम बहादुर सुनुवार | |
| ४. | २ नं. वडा अध्यक्ष | शंकर बहादुर भण्डारी | [signature] |
| ५. | ३ नं वडा अध्यक्ष | टेक बहादुर रजन मगर | [signature] |
| ६. | ४ नं. वडा अध्यक्ष | मोहन मगर | |
| ७. | ५ नं. वडा अध्यक्ष | बैकुण्ठलाल पहाडी | [signature] |
| ८. | ६ नं. वडा अध्यक्ष | कुलेन्द्र बहादुर मगर | [signature] |
| ९. | कार्यपालिका सदस्य | लिल बहादुर सुनुवार | |
| १० | कार्यपालिका सदस्य | पूर्णमाया थापा मगर | पूर्णमाया |
| ११. | कार्यपालिका सदस्य | टिकामाया विश्वकर्मा | टिका |
| १२. | कार्यपालिका सदस्य | तारा विश्वकर्मा | |
| १३. | कार्यपालिका सदस्य | सावित्रा कुमारी थापा मगर | सावित्रा |
| १४. | कार्यपालिका सदस्य | मंगलादेवी तामाङ | |
| १५. | प्रमुख प्रशासकीय अधिकृत | डम्वरबहादुर रजनमगर | [signature] |

Scanned with CamScanner

प्रस्तावहरुः

(१) गत बैठकमा भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा
(२) नियुक्ति तथा पदस्थापना सम्बन्धमा
(३) फिक्कल गाउँपालिकाको स्थानीय दररेट ०८२/०८३ स्वीकृत सम्बन्धमा
(४) बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन सम्बन्धमा
(५) वैदेशिक भ्रमणका लगि मनोनयन सम्बन्धमा
(६) अस्पताल तथा स्वास्थ्य संस्थाको फोहोरमैला व्यवस्थापन सम्बन्धमा
(७) पूर्ण संस्थागत सुत्केरी वडा तथा पालिका घोषणा कार्यविधि, २०८२
(८) आ.व. ०८१/०८२ को प्रगति समिक्षा सम्बन्धमा
(९) Sami कार्यक्रम तर्फको मनोपरामर्शकर्ता नियुक्ति सम्बन्धमा
(१०) शिक्षक सरुवा सम्बन्धमा
(११) विपद् सम्बन्धी योजना माग सम्बन्धमा
(१२) भूउपयोग क्षेत्र वर्गीकरणको आधार र मापदण्ड, २०८२ संशोधन सम्बन्धमा
(१३) फिक्कल अस्पतालमा फार्मेसी संचालनका लागि कर्मचारी व्यवस्थापन सम्बन्धमाः
(१४) फिक्कल अस्पतालमा फार्मेसी संचालनका लागि कर्मचारी व्यवस्थापन सम्बन्धमाः
(१५) भूमिहीन दलितको विवरण भूमि समस्या समाधान आयोग जिल्ला समितिमा सिफारिस गर्नेः
(१६) अन्तराष्ट्रिय युवा दिवस मनाउने सम्बन्धमा

**निर्णय नं. १. गत वैठकमा भएको निर्णयको कार्यान्वयनको समिक्षा सम्बन्धमा**

गत बैठकमा भएका निर्णय कार्यान्वयन लगायत कार्यालयबाट भएका सेवा प्रवाह विषयमा समिक्षा गरियो । आगमी दिनमा थप प्रभावकारी रुपले सेवा प्रवाह गर्न सबै वडा तथा शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २. नियुक्ति तथा पदस्थापना सम्बन्धमाः**

गाउँपालिकाको स्वीकृत दरबन्दी बमोजिम स्थायी पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोग बागमती प्रदेशमा माग आकिर्ति पेश गरे अनुसार लोकसेवा आयोग बागमती प्रदेश हेटौंडाको

Scanned with CamScanner

विज्ञापन नं. ४४/०८१-०८२(मधेशी) स्थानीय सेवा तर्फ सातौं तह प्राविधिक ईन्जिनियरिङ्ग सेवा सिभिल समुह जनरल उपसमूह ईन्जिनियर सातौं पदको आयोगको मिति २०८२/४/४ को निर्णयानुसार च.नं. १०, मिति २०८०२/४/७ गतेको सिफारिस पत्रानुसार आउनुभएका प्रिय रंजन झा, बलान बिहुल गाउँपालिका-३, ससरी लाई स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा १७ को उपदफा (१) बमोजिम गाउँपालिकाको स्वीकृत दरबन्दी अनुसार स्थानीय सेवा तर्फ सातौं तह (प्राविधिक) ईन्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूह, ईन्जिनियर सातौं तहमा मिति २०८२/४/९ गते देखि लागु हुने गरी स्थायी नियुक्ति दिई गाउँ कार्यपालिकाको कार्यालयमा पदस्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३. फिक्कल गाउँपालिकाको स्थानीय दररेट ०८२/०८३ स्वीकृत गर्ने सम्बन्धमाः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४८ बमोजिम फिक्कल गाउँपालिकाको स्थानीय दररेट निर्धारण समितिको मिति २०८२ साउन ५ गते बसेको बैठकबाट निर्धारण भएको आ.व. ०८२/०८३ को लागि स्थानीय दररेट सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४. बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन सम्बन्धमाः**

फिक्कल गाउँपालिकालाई पोषणमैत्री गाउँपालिका घोषणा गर्न पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०८० बमोजिम चालु आ.व. ०८२/०८३ मा स्वीकृत बहुक्षेत्रीय पोषण कार्यक्रम वडा नं. २,३ र ५ मा थप सूचक प्राप्ति गरी वडा घोषणा गर्ने र अन्य वडा नं. ४,६ र १ वडाहरुमा समेत कार्यक्रम संचालन गर्ने ।

**निर्णय नं. ५. वैदेशिक भ्रमणको लागि मनोनयन सम्बन्धमाः**

United Nations Department of Economic and Social Affairs को आयोजनामा 2025 International Mayors Forum Toyota City, Japan मा " Actions Today for a Resilienct Future- Localizing the SDGs andAdvancing the Pact for the Future" विषयमा मिति 14-16 October 2025 मा आयोजित कार्यक्रममा सहभागितामा लागि यस गाउँपालिकाका अध्यक्ष श्री पार्वती सुनुवारलाई नेपाल सरकार,प्रदेश सरकार र गाउँपालिकालाई आर्थिक भार नपर्ने गरि सहभागी हुनको लागि मनोनयन गर्ने निर्णय गरियो । साथै स्थानीय तहका पदाधिकारीहरुको विदेश भ्रमण सम्बन्धी निर्देशिका, २०७५ बमोजिम स्वीकृतिको लागि नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६. अस्पतालको फोहोरमैला व्यवस्थापन सम्बन्धमाः**

फिक्कल आधारभूत अस्पताल फिक्कल ३ खोलागाउँमा संचालन भई निरन्तर सेवा प्रवाह भईरहेकोमा अस्पताल तथा अन्य स्वास्थ्य संस्थाले नेपाल सरकारद्वारा जारी स्वास्थ्य सेवा फोहोर व्यवस्थापन मार्गदर्शन, २०७१ को पूर्ण पालना गर्ने । जोखिमपूर्ण फोहोर अटोक्लेभ मेशिनको प्रयोगद्वारा निर्मलीकरण गरी प्रयोग गर्ने, सई काट्ने औजार प्रयोग गरी सुईजन्य सामाग्री टुक्र्याउने, कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै डस्बिनमा व्यवस्थापन गरी विसर्जन गर्ने साथै कर्मचारीहरुले व्यक्तिगत सुरक्षाका सामाग्रीहरुको अनिवार्य प्रयोग गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ७. पूर्ण संस्थागत सुत्केरी वडा तथा पालिका घोषणा कार्यविधि, २०८२**

पूर्ण संस्थागत सुत्केरी वडा तथा पालिका घोषणा कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८. आ.व. ०८१/०८२ को प्रगति समिक्षा सम्बन्धमाः**

आ.व. ०८१/०८२ को वित्तीय तथा भौतिक प्रगती तथा आय व्यय, सेवाप्रवाह र सुशासनको समग्र प्रगती समिक्षा मिति २०८२ साल साउन २२ गते ११ बजे समिक्षा बैठक आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९. सुरक्षित आप्रवासन (Sami) कार्यक्रम तर्फको मनोपरामर्शकर्ता नियुक्ति सम्बन्धमाः**

चालु आ.व. ०८२/०८३ मा स्वीकृत कार्यक्रम सुरक्षित आप्रवासन कार्यक्रम(Sami) कार्यक्रम अन्तर्गत मनोसामाजिक मरामर्शकर्ता नियुक्ति गर्नुपर्ने भएकोले फिक्कल गाउँपालिकामा सूचिकृत भई गाउँपालिकाको न्यायिक समिति समेतमा नियमित सेवा प्रवाह गर्दै आउनुभएका मनोपरामर्शकर्ता ओखलढुङ्गा जिल्ला मोलुङ् गाउँपालिका हाल फिक्कल ६ बस्ने श्री शकुन्तला दाहाललाई नियुक्ति गरि जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०. शिक्षक सरुवा सम्बन्धमाः**

तपसिल बमोजिम शिक्षक सरुवा गर्ने निर्णय गरियो ।

| शिक्षकको नाम,थर | कार्यरत विद्यालय | सरुवा हुने विद्यालय |
|---|---|---|
| खिलध्वज कार्की | जनता प्राथमिक विद्यालय | जनता आधारभूत विद्यालय, |

| | | |
|---|---|---|
| | सिलुङ्गे फिक्कल ६ | भिरगाउँ फिक्कल ६ |

**निर्णय नं. ११. विपद् सम्बन्धी योजना माग सम्बन्धमाः**

गत २०८१ साल असोज ११ र १२ गते सुनकोशी नदिमा आएको विनाशकारी बाढीका कारण क्षति भएको क्षेत्रमा पुनःनिर्माण लगायत पुनःर्लाभका लागि प्राविधिक शाखाबाट तयार भएको लागत अनुमान सहितको योजना जिल्ला विपद व्यवस्थापन समिति मार्फत राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय समक्ष योजना माग गर्ने निर्णय गरियो।

**निर्णय नं. १२. भूउपयोग क्षेत्र वर्गीकरणको आधार र मापदण्ड, २०८२ संशोधन सम्बन्धमाः**

**फिक्कल गाउँपालिकाको भूउपयोग क्षेत्र वर्गीकरण अद्यावधिक गर्ने आधार र मापदण्ड, २०८२ भूउपयोग परिषदको मिति २०८२/२/१७ गतेको बैठकबाट स्वीकृत भएको आधार र मापदण्डमा भूउपयोग कार्यान्वयन समिति समेतको सुझाव अनुसार भूउपयोग परिषदको बैठकबाट संशोधन गर्ने निर्णय भएकोले तपसिल बमोजिम संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।**

१.आधार र मापदण्डको दफा ६ मा आवासीय क्षेत्रको वडा नं. ४ अन्तर्गत साविक खाङसाङ गा.वि.स. को ४/ङ(खाङसाङ खोला पश्चिम, सयलेखोला पूर्व गाईखुरे डाँडा मुनीको खेत सम्म, मध्येपहाडी सडक दक्षिण) र ९/ङ(खाङसाङ खोला पूर्व, मध्येपहाडी सडक दक्षिण, सोखु जाने बाटो पश्चिम, सोखुले मूलकुलो दक्षिण) सबै जग्गाहरु आवासीयमा वर्गीकरण गर्ने ।

२.आधार र मापदण्डको दफा ५ मा व्यवसायिक क्षेत्र अन्तर्गत वडा नं. ५ को नारिमखोलाको मगर्नी वेशी देखि कल्लेरी दोभान सम्मको मध्यपहाडी सडकको दाहिने तर्फ।

३.आधार र मापदण्डको दफा ५ मा व्यवसायिक क्षेत्र अन्तर्गत वडा नं. २ को निहुरेबेशी र लुम्ती।

**निर्णय नं. १३. फिक्कल अस्पतालको भौतिक पूर्वाधार तथा औजार उपकरण सम्बन्धमाः**

फिक्कल गाउँपालिकाको वडा नं. ३ मा संचालित दश शंय्याको आधारभूत अस्पताल संचालन भईरहेकोमा गत आ.व.०८१/०८२ मा एक्स रे, भिडियो एक्स रे लगायत आधारभूत औजार उपकरण र भवन लगायत भौतिक पूर्वाधार पूरा भई निरन्तर सेवा प्रवाह भई न्यूनतम सेवा मापदण्डमा मूल्याङ्कनमा ६० प्रतिशत प्राप्त भएको देखिएकोले सोको जानकारी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य बीमा बोर्ड समेतलाई जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. १४. फिक्कल अस्पतालमा फार्मेसी संचालनका लागि कर्मचारी व्यवस्थापन सम्बन्धमाः**

फिक्कल अस्पतालमा फार्मेसी शाखामा समेत जिम्मेवारी लिई कार्यरत सि.अ.हे.व. राम शिहासन ठाकुर स्वास्थ्य मन्त्रालयको काज सरुवा अनुसार मिति २०८२/४/१९ गतेको रमाना पत्रानुसार चक्रघट्टा गाउँपालिका ससरीमा काज सरुवा भई गएकोले रिक्त रहेको फार्मेसी शाखामा तत्काल कर्मचारी व्यवस्थापन गर्नुपर्ने भएकोले अर्को व्यवस्था नभएसम्मको लागि यस अघि गाउँपालिकाको पदपूर्ति सम्बन्धमा प्रकाशित सूचना अनुसार वैकल्पिक उम्मेद्वार समेत रहेको र न्यूनतम योग्यता पुगेको देखिएकोले फिक्कल गाउँपालिका वडा नं. ३ बस्ने नेत्र कुमारी मगरलाई तत्कालको लागि कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं. १५. भूमिहीन दलितको विवरण भूमि समस्या समाधान आयोग जिल्ला समितिमा सिफारिस गर्नेः**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८१ बमोजिम फिक्कल गाउँपालिका वडा नं. ४ बाट प्रमाणिकरण भई सिफारिस साथ गाउँ कार्यपालिकामा पेश भएको निवेदक भूमिहीन दलित सिन्धुली जिल्ला साविक खाङसाङ गा.वि.स वडा नं.९ हाल फिक्कल गाउँपालिका वडा नं. ४ बस्ने जगने दमाईको नाति चतुरमान दमाईको छोरा वर्ष ५३ को श्री बिरमान दमाईको कार्यपालिकाबाट प्रमाणित गरी लालपूर्जा प्रदान गर्नको लागि आवश्यक प्रकृया अगाडी बढाउन भूमि समस्या समाधान आयोग जिल्ला समिति सिन्धुलीमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६. अन्तराष्ट्रिय युवा दिवस २०२५ मनाउने सम्बन्धमाः**

मिति २०८२ साल साउन २७ गते तदनुसार सन् २०२५ अगष्ट १२ तारिखका दिन मनाउन लागिएको संयुक्त राष्ट्रसंघले तय गरेको "Local Youth Actions for SDGs and beyond" र "दिगो विकास र सुनौलो भविष्यको सार:

स्थानीय युवाको सहभागिता समृद्धिको आधार भन्ने नाराका साथ भव्य रुपमा दिवस मनाउन तपसिल बमोजिम क्रियाकलाप सहित मनाउने निर्णय गरियो ।

तपसिल:

- विभिन्न सामाजिक क्षेत्रमा प्रशंसनीय योगदान प्रदान गर्ने युवालाई सम्मान कार्यक्रम गर्ने,
- सिर्जनात्मक अन्तरक्रिया कार्यक्रम सहितको उत्प्रेरणात्मक कक्षा संचालन गर्ने।

Scanned with CamScanner